# “नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान” भण्डारखाल, एक झलक

## परिचय



श्री सैनिक कल्याणकारी कोषद्वारा संचालित “नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान” एक गैर नाफा मूलक कल्याणकारी संस्थान हो । नेपाली सेना र राष्ट्रलाई आवश्यक पर्ने दक्ष स्वास्थ्यकर्मीको पेशागत दक्षतालाई अभिवृद्धि गरी राष्ट्रकै एक नमूना स्वास्थ्य शिक्षण संस्थानको रुपमा स्थापित गर्ने हेतुले स्थापना भएको हो । यस संस्थानसंग आवद्ध रहने गरी श्री वीरेन्द्र अस्पतालमा रहेको स्वास्थ्य सेवा स्तरलाई अभिबृद्धि गर्नूको साथै सर्वसाधारणलाई समेत सशूल्क सेवा पूऱ्याउन सक्ने गरी छूट्टै सिभिल अस्पताल संचालनगर्ने योजना रहेको छ ।

यो संस्थानको प्रशासनिक कार्यालय भवन काठमाण्डौं, सानो भऱ्याङ्ग, भण्डारखाल स्थित ११३ रोपनी क्षेत्रफलमा अवस्थित रहेको छ । जस अन्तर्गत कलेज अफ मेडिसिन (सानो भऱ्याङ्ग), कजेज अफ नर्सिङ्ग (महांकालस्थान) र भविष्यमा कलेज अफ मेडिकल पोलिटेक्निक र  कलेज अफ डेन्टल सर्जरी स्थापना गर्ने योजना छ । यस संस्थानबाट राष्ट्र र नेपाली सेनाको आवश्यतालाई दृष्टिगत गरि दक्ष स्वास्थ्यकर्मी उत्पादन गर्नूको साथै स्वास्थ्य क्षेत्रमा सर्वसाधारणको समेत सरल र सूलभ पहूंच पूगोस् भन्ने उद्देश्य समेत राखिएको छ ।

नेपाली सेनामा कार्यरत सकल दर्जाका परिवार तथा अवकाश प्राप्त सैनिक र तिनका आश्रित परिवारहरुलाई सैनिक कल्याणकारी कोषबाट दिंदै आएको नि:शूल्क स्वास्थ्य सेवामा आर्थिक टेवा पूऱ्याउने कार्यमा यस “नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान” को महत्वपुर्ण भुमिका रहने विश्वास लिईएको छ ।

## उद्देश्य

स्वास्थ्य सम्बन्धी उच्चस्तरीय जनशक्ति उत्पादन गरी स्वास्थ्य क्षेत्रमा राष्ट्रको आवश्यकतालाई परिपूर्ति गर्न सहयोग पूऱ्याउने तथा उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी नेपाली सेनाका बहालवाला र अवकाश प्राप्त व्यक्तिका छोरा/छोरी र सर्वसाधारणलाई समेत सर्व सूलभ रुपमा गुणस्तरीय स्वास्थ्य शिक्षा प्रदान गर्ने उद्देश्यले "नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान" को स्थापना भएको हो ।

## संस्थान अन्तर्गत संचालन हूने कलेजहरु

यस संस्थान अन्तर्गत कलेज अफ मेडिसिन, कलेज अफ नर्सिङ्ग, कलेज अफ मेडिकल पोलिटेक्निक र कलेज अफ डेन्टल सर्जरी समावेश रहेका छन् । यस संस्थानलाई निम्न स्थानहरुमा संचालन गर्ने योजना रहेको छ ।

| कलेज | संचालन हूने साल | स्थान | कैफियत |
|---|---|---|---|
| कलेज अफ मेडिसिन | २०६८ | भण्डारखाल सानो भऱ्याङ्ग | MBBS संचालनमा आई सकेको । |
| कलेज अफ नर्सिङ्ग | २०६८ | महाङ्कालस्थान न्यूरोड | (PCL नर्सिङ्ग, BN नर्सिङ्ग र B.SC. नर्सिङ्ग संचालनमा आई सकेको । |
| कलेज अफ मेडिकल पोलिटेक्निक | भविष्यमा संचालनमा आउने । | छाउनी | (प्रस्तावित) |
| कलेज अफ डेन्टल सर्जरी | भविष्यमा संचालनमा आउने । | भण्डारखाल सानो भऱ्याङ्ग | प्रस्तावित) |

## कलेज अफ मेडिसिन (College of Medicine)



नेपाली सेना लगायत सर्वसाधारणलाई उच्चस्तरीय एवंम् सशूल्क मेडिकल स्वास्थ्य शिक्षा तथा सेवा प्रदान गरी समग्र राष्ट्रको स्वास्थ्य क्षेत्रमा विकास गर्ने हेतूले वि.सं. २०६८ सालबाट कलेज अफ मेडिसिन संचालनमा ल्याईएको छ । पहिलो चरणमा १०० जना विद्यार्थीहरु समावेश गरी मेडिकल कलेजमा MBBS संचालनमा आएको छ भने भविष्यमा विद्यार्थी संख्या १५० सम्म पूऱ्याउने र Post Graduate Course समेत संचालन गर्ने लक्ष्य लिईएको छ । MBBS अन्तर्गत रहेको Basic Science तथा Clinical Science विषयको अध्यापन भण्डारखालमा गराईने छ भने ईन्टर्नसिप श्री वीरेन्द्र अस्पताल तथा संस्थान अन्तर्गत संचालनमा आउने सिभिल अस्पतालमा गराईने छ । Undergraduate Medical Training (MBBS Course) समाप्त भएको २ वर्ष पश्चात Post Graduate Training संचालन गर्ने योजना रहेको छ ।

## कलेज अफ नर्सिङ्ग (College of Nursing)



नर्सिङ्ग सेवा स्वास्थ्य क्षेत्रको मेरुदण्ड नै भएकाले उक्त सेवालाई नेपाली सेना लगायत सर्वसाधारण समक्ष उच्चस्तरीय एवंम् सशूल्क नर्सिङ्ग स्वास्थ्य शिक्षा तथा सेवा प्रभावकारी रुपमा संचालन गरी समग्र राष्ट्रको स्वास्थ्य क्षेत्रमा विकास गर्ने अभिप्रायले वि.सं.२०६८ सालबाट कलेज अफ नर्सिङ्ग संचालनमा ल्याईएको छ । । कलेज अन्तर्गत PCL नर्सिङ्ग CTEVT संग आवद्ध रहने छ भने B.N. र B.Sc नर्सिङ्ग त्रिभूवन विश्वविद्यालयसंग आवद्ध रही संचालनमा ल्याईएको छ । PCL नर्सिङ्ग संकाय तर्फ ४० जना विद्यार्थीहरु, B.N. नर्सिङ्ग ४० जना विद्यार्थीहरु र B.Sc नर्सिङ्ग संकाय तर्फ २५ जना विद्यार्थीहरु भर्ना गर्ने स्वीकृती प्राप्त भई हाल ति कोर्षहरु संचालनमा आई सकेका छन् ।

# संस्थानको आगामी योजना

## कलेज अफ मेडिकल पोलिटेक्निक (College of Medical Polytechnic)

नेपाली सेना लगायत सर्वसाधारणलाई स्वास्थ्य क्षेत्र अन्तर्गत रहेको प्राविधिक पक्ष सम्बन्धी उच्चस्तरीय एवंम् सशूल्क स्वास्थ्य शिक्षा एवंम् सेवा प्रदान गरी उक्त क्षेत्रलाई अझ बढि प्रभावकारी रुपले संचालन गर्न आगामी वर्षहरुमा कजेज अफ मेडिकल पोलिटेक्निक, छाउनीमा स्थापना गर्ने योजना रहेको छ । उक्त कलेजको प्रत्येक संकायमा ४० जना विद्यार्थीहरु समावेश रहने गरी अध्यापन गराईने योजना छ । साथै क्रमिक रुपले उक्त कलेज अन्तर्गत निम्न संकायहरुमा थप गरी अध्यापन गराईने योजना रहेको छ ।

- Health assistant Course
- CMA
- Lab Assistant
- Lab Technician
- Pharmacy Basic
- Radiology Assistant
- Physiotherapy Basic
- Health Assistant
- Ophthalmology Assistant
- Dental and Hygiene Assistant
- अन्य (आवश्यकता अनूसार)

## कलेज अफ डेन्टल सर्जरी (College of Dental Surgery)

दन्त चिकित्सा क्षेत्रमा उच्चस्तरीय एवंम् सशूल्क स्वास्थ्य शिक्षा तथा सेवा प्रभावकारी रुपले प्रदान गर्ने साथै दक्ष जनशक्ति उत्पादन गरी नेपाली सेना लगायत सर्वसाधरण तथा समग्रमा राष्ट्रको आवश्यकतालाई पूर्ति गर्ने उद्देश्यले आगामी वर्षहरुमा कजेल अफ डेन्टल सर्जरी स्थापना गरीने योजना रहेको छ । उक्त कलेज अन्तर्गत ४० जना विद्यार्थीहरु समावेश गरी अध्यापन गराउने योजना छ ।

## सिभिल अस्पताल (NAIHS-Civil Hospital)



निकट भविष्यमा श्री वीरेन्द्र अस्पतालमा रहेको स्वास्थ्य सेवा स्तरलाई अभिवृद्धि गर्नूको साथै विद्यार्थीहरुका शिक्षण पक्षलाइ अझै प्रभावकारी रुपमा अभिवृद्धि गर्ने र सर्व साधारणलाई समेत सशूल्क सेवा पूऱ्याउन सक्ने गरी छुट्टै सिभिल अस्पतालको स्थापना गर्ने योजना रहेको छ । श्री वीरेन्द्र अस्पताल र सिभिल अस्पताल समेत गरि आवश्यक बड सख्या पूऱ्याइ नपाला सना स्वास्थ्य विज्ञान संस्थान अन्तर्गत अध्ययनरत शिक्षार्थीहरुले व्यवहारिक, प्रयोगात्मक लगायत ईन्टर्नशिप अभ्यास गर्ने व्यवस्था मिलाउने योजना रहेको छ ।

## विद्यार्थी कोटा

(१) नेपाल सरकार, शिक्षा मन्त्रालयको लागि छुट्ट्याएको छात्रबृति १०% हूनेछ ।

(२) सहूलियत शूल्क छात्रवृत्ति तर्फ नेपाली सेनाका सकल दर्जा तथा अवकाश प्राप्त सैनिकका परिवारहरुको लागि १५% हूनेछ । सो मध्ये १ जनाको सिट संस्थानमा कार्यरत कर्मचारीलाई प्रदान गरिने छ ।

(३) स-शूल्क खूल्ला प्रतिष्पर्धाबाट ७५% हूनेछ । ७५% लाई १००% मानी प्रवेश परिक्षाको मर्यादाक्रमको आधारमा ४५% नेपाली सेनाका बहालवाला तथा अवकाश प्राप्त सकल दर्जाका परिवारको लागि, ४५% सर्वसाधारण नेपाली नागरिक एवंम् १०% बिदेशी शिक्षार्थीका लागि आरक्षित गरिनेछ ।

(४) नेपाली सेनाका लागि छुट्ट्याइएको १५% कोटाभित्र छनौट भएका विद्यार्थीहरुलाई निम्न बमोजिम कल्याणकारी सहूलियतमा छात्रबृति उपलव्ध गराइने ।

(क) वहालवाला तथा अवकाश प्राप्त सैनिक अधिकृतका आश्रित छोरा/छोरीलाई ५०% छूट (सहूलियत) उपलव्ध हूनेछ भने बांकी ५०% भूक्तानी गर्नू पर्नेछ ।

(ख) वहालवाला तथा अवकाश प्राप्त पदिकका आश्रित छोरा/छोरीलाई ६५% छूट (सहूलियत) उपलव्ध हूनेछ भने बांकी ३५% भूक्तानी गर्नू पर्नेछ ।

(ग) वहालवाला तथा अवकाश प्राप्त अन्य दर्जाकाका आश्रित छोरा/छोरीलाई ८०% छूट (सहूलियत) उपलव्ध हूनेछ भने बांकी २०% भूक्तानी गर्नू पर्नेछ ।

(घ) वीरगति प्राप्त (कर्तव्य पालनाको सिलसिलामा मृत्यू हूने समेत) र सत प्रतिशत असक्त बृत्ति प्राप्त (सहाराको जरुरत पर्ने सैनिकका) आश्रित छोरा/छोरीलाई पूर्ण छात्रबृत्ति उपलब्ध हूने छ तर रजिष्ट्रेशन र एडमिशन एवम् अन्य शूल्कहरु भने तोकिए बमोजिम आफैले बेहोर्नू पर्ने छ ।

## छात्रावास सम्बन्धी व्यवस्था

नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान अन्तर्गतका कलेजहरुमा अध्ययनको सिलसिलामा घर-परिवारबाट टाढा भई अध्ययन गर्न आएका विद्यार्थीहरुको न्यूनतम आवश्यकतालाई मनन् गरी सूविधा प्रदान गर्ने हेतूले प्रत्येक कलेजहरुमा छूट्टा-छूट्टै छात्रावास (Hostel) को व्यवस्था गरिएको छ । पहिलो वर्ष मेडिकल कलेज तर्फ १०० तथा नर्सिङ्ग कलेज तर्फ ४० जनाको निमित्त छात्रावासको व्यवस्था मिल्याईएको छ । आवश्यता अनूसार प्रत्येक वर्ष छात्रावासको संख्या वृद्धि गर्दै लगिने छ ।



## निष्कर्ष

नेपाली सेनामा कार्यरत बहालवाला तथा सैनिक सेवाबाट अवकाश भएका भूतपूर्व सैनिक सकलदर्जा एवंम सर्वसाधारण लाभान्वित हूने गरी कल्याणकारी कोष मार्फत् शिक्षाको आवश्यकता बोध गरी नेपाली सेनाका सकलदर्जा एवंम् सर्वसाधारण नेपालीका सन्तानले आधूनिक र गूणस्तरीय शिक्षा प्राप्त गर्न सकून् भन्ने अभिप्रायबाट नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान लगायत यस अन्तर्गतका कलेजहरु स्थापना र संचालन गरी प्रत्यक्ष वा परोक्ष रुपमा मूलूकको समग्र शिक्षा विकास तथा स्वास्थ्य सम्बन्धी उच्चस्तरीय जनशक्ति एवंम् सेवामा योगदान पूऱ्याउने छ भन्ने विश्वास लिईएको छ ।